**आकाशवाणी समाचार- नेपाली**
**मितिः २२ अप्रेल २०२५**
**समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

१. अमेरिकी उपराष्ट्रपति जे डी वेंसले प्रधानमन्त्री नरेन्द्र मोदीसँग गर्नुभयो भेटवार्ता, दुवै नेताहरुले गरे द्विपक्षीय सहयोगको प्रगतिको समीक्षा।

२. प्रधानमन्त्री नरेन्द्र मोदी सऊदी अरबको दुई दिने औपचारिक भ्रमणका लागि आज प्रस्थान गर्नुहुनेछ।

३. पोप फ्रान्सिसको निधनमा भारत सरकारले तीन दिने राजकीय शोकको घोषणा गरेको छ।

४. विश्वभरि नै वातावरण संरक्षणको प्रयासमा सहयोग पुरयाउने उद्देश्यले आज पृथ्वी दिवस मनाइँदैछ।

र

५. आइपिएल ट्वान्टी–२० क्रिकेटमा गुजरात टाइटन्सले कोलकाता नाइट राइडर्सलाई ३९ रनले पराजित गरेको छ।

**वेंस भारत यात्रा**

अमेरिकी उपराष्ट्रपति जे डी वेंसले प्रधानमन्त्री नरेन्द्र मोदीसँग हिजो नया दिल्लीमा भेटवार्ता गर्नुभयो। उहाँको साथमा उहाँको पत्नी उषा वेंस, उनीहरूका छोराछोरी र वरिष्ठ अमेरिकी अधिकारीहरू पनि उपस्थित थिए। यसै क्रममा प्रधानमन्त्रीले उपराष्ट्रपतिका लागि रात्रिभोजको समेत आयोजना गर्नुभएको थियो। सो अवसरमा प्रधानमन्त्रीले यसै वर्षको फेब्रुअरीमा वासिङ्टन डिसीको भ्रमण र राष्ट्रपति ट्रम्पसँगको महत्वपूर्ण कुराकानीको स्मरण गर्नुभयो, जसले भारत र अमेरिकाबीच घनिष्ठ सहयोगको रोडम्याप तयार गर्यो। यसका साथै प्रधानमन्त्री मोदी र उपराष्ट्रपति वेंसले द्विपक्षीय सहयोगका विभिन्न क्षेत्रमा भएको प्रगतिको समीक्षा र सकारात्मक मूल्यांकन गरेका छन् ।भेटमा दुवै नेताले भारत–अमेरिका द्विपक्षीय व्यापार सम्झौतामा भएको प्रगतिको स्वागत गरेका थिए भने ऊर्जा, रक्षा, सामरिक प्रौद्योगिकि र अन्य क्षेत्रमा सहयोग बढाउन जारी प्रयासको पनि उल्लेख गरे। यसका साथमा दुवै नेताले पारस्परिक हितका विभिन्न क्षेत्रीय र विश्वव्यापी विषयमा विचार आदानप्रदान गर्नुका साथै संवाद र कूटनीतिलाई अगाडि बढाउन आह्वान गर्नुभयो ।अमेरिकी उपराष्ट्रपति वेंसको यो पहिलो भारत भ्रमण हो। यसअघि अमेरिकाका उपराष्ट्रपति भारतको चारदिने भ्रमणका लागि हिजो नयाँ दिल्ली आइपुग्नुभएको हो भने उहाँलाई विमानस्थलमा सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले स्वागत गर्नुभएको थियो। उपराष्ट्रपति वांसले हिजो दिल्लीस्थित अक्षरधाम मन्दिरको दर्शन गर्नुभएको थियो भने उहाँको आज जयपुर भ्रमण गर्ने जाने कार्यक्रम छ।

बाइट

****** ० ******

**प्रधानमंत्री-सऊदी अरब यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदी सऊदी अरबको दुई दिने औपचारिक भ्रमणका लागि आज त्यसतर्फ प्रस्थान गर्नुहुनेछ। क्राउन प्रिंस तथा प्रधानमन्त्री मोहम्मद बिन सलमानको निमन्त्रणामा उहाँ सऊदी अरब जान लाग्नुभएको हो। प्रधानमन्त्री मोदीको यो तेस्रो साउदी अरब भ्रमण हो। यसले भारत र साउदी अरबबीचको घनिष्ठ रणनीतिक साझेदारीको महत्वलाई प्रतिबिम्बित गर्दछ भने दुई देशबीच व्यापार, ऊर्जा, प्रतिरक्षा र जनस्तरको सम्बन्धमा गतिशील सहयोग रहेको छ। साउदी अरब भारतको ऊर्जा सुरक्षाको लागि अत्यन्त

महत्त्वपूर्ण हो भने विश्वमा सबैभन्दा ठूलो भारतीय प्रवासी समुदायहरुको निवास हो। यसलाई विश्वको दोस्रो ठूलो भारतीय प्रवासी मानिन्छ।

बाइट

इस्लामी जगतमा साउदी अरबको प्रमुख भूमिका र क्षेत्रीय घटनाक्रममा उसको बढ्दो संलग्नताले यस कूटनीतिक भ्रमणलाई अझ महत्त्वपूर्ण बनाएको छ। यो भ्रमणले दुई देशबीचको पहिलेदेखि नै बलियो सम्बन्धलाई अझ प्रगाढ बनाउने अवसर प्रदान गर्नेछ ।

****** ० ******

**प्रधानमंत्री सिविल सेवा दिवस**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सरकारले काम गरिरहेको नीतिले आगामी एक हजार वर्षको भविष्यलाई आकार दिने बताउनु भएको छ । श्री मोदीले सबैलाई हरेक दिन र हरेक क्षण अथक परिश्रम गर्न आग्रह गर्नुभयो ताकि देशको लागि उनीहरूको दृष्टिकोण लाई साकार पार्न सकियोस्। १७ सिविल सेवा दिवसका अवसरमा आज नयाँ दिल्लीमा सिविल सेवकहरुलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले विगत १०–११ वर्षमा विकसित भारतको बलियो जग बसालिएको बताउनु भयो । यसका साथै श्री मोदीले विकसित भारतको लक्ष्य हासिल गर्न सामूहिक प्रयास र दृढ संकल्पको महत्वमा पनि जोड दिनुभयो। श्री मोदीले भन्नुभयो कि विगत १० वर्षमा भारत सानो परिवर्तनबाट प्रभावशाली रूपान्तरणमा गएको छ।

****** ० ******

**पोप राजकीय शोक**

पोप फ्रान्सिसको निधनको सम्मानमा भारत सरकारले तीन दिने राजकीय शोकको घोषणा गरेको छ । मंगलबार र बुधबार दुई दिन राजकीय शोक मनाइने छ भने अंतिम संस्कानको एक दिन राजकीय शोक मनाइने छ । राजकीय शोकको अवधिमा, भारतभरका सबै भवनहरूमा राष्ट्रिय झण्डा आधा झुकाइनेछ जहाँ राष्ट्रिय झण्डा नियमित रूपमा फहराइन्छ र त्यहाँ कुनै आधिकारिक मनोरञ्जन कार्यक्रमहरू हुनेछैनन्।

****** ० ******

**पृथ्वी दिवस**

विश्वभरि नै वातावरण संरक्षणको प्रयासमा सहयोग पुरयाउने उद्देश्यले आज पृथ्वी दिवस मनाइँदैछ । सन् १९६९ मा युनेस्कोको शिखर सम्मेलनमा यसलाई पहिलो पटक सन् १९७० मा पृथ्वी दिवस मनाउन थालिएको थियो । यस वर्षको पृथ्वी दिवसको नारा 'हाम्रो शक्ति, हाम्रो ग्रह' रहेको छ ।

****** ० ******

**सीतारामन-अमरीका**

वित्तमन्त्री निर्मला सीतारमणले अमेरिकासँगको पहिलो चरणको व्यापार सम्झौता शरद ऋतु (सेप्टेम्बर–अक्टोबर) सम्ममा सकारात्मक निष्कर्षमा पुग्नेमा भारत आशावादी रहेको बताउनु भएको छ ।यसै वर्षको सुरुमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र प्रधानमन्त्री नरेन्द्र मोदीबीच द्विपक्षीय व्यापार सम्झौता (बीटीए) का लागि वार्ता सुरु गर्न सहमति भएको थियो । सन् २०३० सम्ममा दुई देशबीचको व्यापारलाई दोब्बर भन्दा अधिक बढाएर ५०० अर्ब अमेरिकी डलर पुरयाउने लक्ष्य राखिएको छ । वित्तमन्त्री सितारमणले अमेरिकी अर्थमन्त्री स्कट बेसान्टसँग भेटवार्ता गर्नुका साथै अमेरिकी व्यापार प्रतिनिधिको कार्यालयका अधिकारीसँग कुरा गर्ने अपेक्षा गरिएको छ । उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा भारत सबैभन्दा तीव्र गतिमा वृद्धि भइरहेको अर्थतन्त्र बनेको बताउनु भयो । अमेरिकाको पाँच दिने भ्रमणका क्रममा वित्तमन्त्री सितारमणले स्टैनफोर्ड विश्वविद्यालयमा मुख्य भाषण दिनुका साथै सान फ्रान्सिस्कोमा प्रमुख कार्यकारी अधिकारीहरुसँग लगानी र प्राविधिक प्रगतिका बारेमा छलफल गर्नुहुनेछ भने तथा प्रवासी कार्यक्रमहरूमा पनि भाग लिनुहुनेछ ।

****** ० ******

**अमित शाह-एनएएससी**

केन्द्रीय गृहमन्त्री अमित शाहले नयाँ दिल्लीस्थित राष्ट्रिय कृषि विज्ञान परिसर, एनएएससीमा 'पृथ्वी बचाओ सम्मेलन'को उद्घाटन गर्नुहुनेछ । यसको उद्देश्य जलवायु परिवर्तनलाई कम गर्न र आर्थिक वृद्धिलाई गति दिन बाँसको क्षमताको खोजी गर्नु हो। महाराष्ट्रमा वातावरण र सतत विकासका लागि मुख्यमन्त्रीको टास्क फोर्सका अध्यक्ष पाशा पटेलले सम्मेलनको उद्घाटन शाहले गर्ने जानकारी दिए । फिनिक्स फाउन्डेसन, लातुर र भारतीय खाद्य एव कृषि चेम्बरले यसको आयोजना गरेका हो । सम्मेलनमा देशभरबाट

लगभग एक हजार २०० प्रतिनिधिको सहभागिता रहने अपेक्षा गरिएको छ। केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरी र केन्द्रीय वातावरण मन्त्री भूपेन्द्र यादवले पनि सम्मेलनमा छुट्टाछुट्टै सत्रलाई सम्बोधन गर्नुहुनेछ।

****** ० ******

**जेपीसी-एक राष्ट्र, एक चुनाव**

एक राष्ट्र एक चुनावका लागि गठित संयुक्त संसदीय समितिको बैठक भोलि हुनेछ। बैठकको पहिलो सत्रमा सर्वोच्च अदालतका पूर्वन्यायाधीश हेमन्त गुप्तासँग अन्तक्रिरया हुनेछ। त्यसपछि जम्मू–कश्मीर उच्च अदालतका पूर्व मुख्य न्यायाधीश एसएन झासँग छलफल हुनेछ। अर्को सत्रमा सर्वोच्च अदालतका पूर्व न्यायाधीश तथा भारतको २१ औं विधि आयोगका अध्यक्ष न्यायाधीश बीएस चौहान सहभागी हुनेछन्। अन्तिम सत्र राज्यसभा सदस्य एवं वरिष्ठ अधिवक्ता डा अभिषेक मनु सिंघवीसँग हुनेछ।

****** ० ******

**पोखरा अंतर्राष्ट्रीय हवाई अड्डा जांच**

नेपालमा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनको नेतृत्वमा गठित पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भएको अनियमितताको छानबिन गर्न गठित १२ सदस्यीय समितिले चिनियाँ निर्माण कम्पनीलाई कर छुटका साथै निर्माणमा भएको अनियमितता र भ्रष्टाचारको पर्दाफास गरेको हो। प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिले गठन गरेको उपसमितिले सार्वजनिक गरेको रिपोर्टमा पीआईए परियोजनाको पूर्वाधार, उपकरण, धावनमार्ग र वरपरको क्षेत्रमा करिब १४ अर्ब नेपाली रुपैयाँ हिनामिना भएको उल्लेख छ।

****** ० ******

**अमरीकी शेयर**

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले अमेरिकी केन्द्रीय बैंकका प्रमुखमाथि कडा टिप्पणी गरेपछि अमेरिकी शेयर र डलरमा फेरि गिरावट आएको छ। अमेरिकी राष्ट्रपति ट्रम्पले केन्द्रीय बैंकका प्रमुखलाई ब्याजदर नघटाएको भन्दै घाटा भएको बताउनु भएको थियो। यसअघि ट्रम्पले फेडरल रिजर्भका अध्यक्ष जेरोम पावेललाई अर्थतन्त्रलाई बढ़ावा दिनका लागि ब्याजदर घटाउन आग्रह गर्नुभएको थियो ट्रम्पले पावेलले आर्थिक परिवर्तनको प्रतिकार गर्न निकै ढिलासुस्ती गरेको बताउनु भएको छ।

****** ० ******

**ईरान समझौता**

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले इरानसँगको विस्तृत रणनीतिक साझेदारी सम्झौतामा हस्ताक्षर गरेका छन्। गत १७ जनवरीमा रुसमा इरानका राष्ट्रपति मसूद पेजेस्कियान र भ्लादिमिर पुटिनबीच भएको शिखर वार्ताका क्रममा उक्त सम्झौतामा हस्ताक्षर भएको थियो। दुवै नेताले व्यापार, प्रतिरक्षा, ऊर्जा र क्षेत्रीय पूर्वाधार परियोजनामा सहयोग लाई अझ प्रगाढ बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए।

****** ० ******

**आईपीएल**

आइपिएल ट्वान्टी–२० क्रिकेटमा शुभमन गिलको कप्तानीमा रहेको गुजरात टाइटन्सले गएराती भएको खेलमा कोलकाता नाइट राइडर्सलाई ३९ रनले पराजित गरेको छ। १ सय ९९ रनको लक्ष्य पछयाएको कोलकाता नाइट राइडर्सले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १ सय ५९ रन मात्र बनाउन सक्यो। यसअघि कोलकाता नाइट राइडर्सले टस जितेर पहिले फिल्डिङ रोजेपछी पहिलो ब्याटिङ गरेको गुजरात टाइटन्सले निर्धारित २० ओभरमा ३ विकेट गुमाएर १९८ रन बनायो। कप्तान शुभमन गिलले ५५ बलमा ९० रन बनाए भने साइ सुदर्शनले ५२ रन बनाए। शुबमन गिललाई प्लेयर ऑफ द मैच घोषित गरियो।

****** ० ******

**मौसम**

मौसम विभागले आगामी दुई दिनमा राजस्थान, मध्य प्रदेश, हरियाणा, उत्तर प्रदेश, विदर्भ, उडिसा र छत्तीसगढमा भीषण गर्मी हुने जनाएको छ। विभागका अनुसार आज बिहार, झारखण्ड, कोंकण, गोवा, मराठवाड़ा, गुजरात, केरला, माहे, तमिलनाडु, पुडुचेरी, कराईकल र रायलसीमामा तातो र आर्द्र मौसमको सम्भावना छायसैगरी अरुणाचल प्रदेश, आसाम र मेघालयका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको छ। आगामी दुई–तीन दिनसम्म ओडिसा, नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, तटीय

आन्ध्र प्रदेश, यानम, रायलसीमा र भित्री कर्नाटकका केही स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित वर्षाको सम्भावना रहेको छ ।

****** ० ******